कार्यविधि नं. १७

# छात्रवृति सम्बन्धि कार्यविधि-२०८०

स्वीकृत मितिः- २०८०/ ०६ /०१

## दिप्रुङ चुइचुम्मा गाउँपालिका

**याङसोलाटार, खोटाङ**

**कोशी प्रदेश, नेपाल**

# गरीव तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृति सम्बन्धि कार्यविधि-२०८०

**प्रस्तावनाः** मुलुकका सामुदायिक विद्यालयहरुको खस्कदो शैक्षिक अवस्था,निजी विद्यालयहरुप्रतिको बढ्दो जनआकर्षण,रोजगारीका लागि विदेशिनु पर्ने विद्यमान परिस्थिति,वेरोजगारी समस्या तथा प्राविधिक तथा दक्ष जनशक्तिको अभावहरुलाई हृदयङ्गम गरी यस गाउँपालिकाका सामुदायिक विद्यालयहरुको शैक्षिक उन्नयन गरी गुणस्तरीय शिक्षा प्रत्याभुत गर्न एवम् गाउँपालिका भित्र आवश्यक पर्ने प्राविधिक जनशक्ति उत्पादन गरी गाउँपालिका भित्रै रोजगारीको सृजना गर्ने तथा गाउँपालिकाको समग्र विकासमा टेवा पुर्याइ**"हाम्रो परिकल्पना,समृद्द दिप्रुङ चुइचुम्मा"** भने यस गाउँपालिकाको मुल नारालाई साकार पार्न गाउँपालिकाले गाउँपालिकाका सामुदायिक विद्यालयहरु मध्येवाट एस.ई.ई. परीक्षामा विज्ञान, गणित,अङ्ग्रेजी र नेपाली विषयहरुमा न्युनतम B विषयगत ग्रेड प्राप्त गरी एकमुष्टमा सर्वोउत्कृष्ट न्यूनतम ३.०० जि.पि.ए. ल्याई प्राविधिक शिक्षा अध्यानार्थ ( इन्जिनियर र डाक्टर बिषयका लागि मात्र ) छात्रवृति प्रदान गर्न बाच्छनिय भएकाले यो कार्यविधि बनाइ लागू गरीएको छ।

## परिच्छेदः-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम " दिप्रुङ चुइचुम्मा गाउँपालिका गरीव तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृति सम्वन्धि कार्यविधि,२०८०'' रहेको छ।

(ख) यो कार्यविधि दिप्रुङ चुइचुम्मा गाउँकार्यपालिकाको वैठकवाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ र कार्यपालिकावाट अर्को निर्णय नभएसम्म लागू रहने छ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **'छात्रवृति'** भन्नाले कुनै अध्ययन ,अनुसन्धान,तालिम वा प्रशिक्षणका लागि गाउँपालिकाले उपलब्ध गराउँने आर्थिक अनुदान वा सुविधा,गाउँपालिकालाई संघीय सरकार,प्रदेश सरकार वा कुनै शैक्षिक संस्थाले उपलब्ध गराउने आर्थिक अनुदान वा प्राविधिक सहायता सम्झनु पर्दछ।

(ख) **'सरकार'** भन्नाले सामान्यतया दिप्रुङ चुइचुम्मा गाउँपालिका सरकारलाई सम्झनु पर्दछ र सो शब्दले संघीय सरकार र प्रदेश सरकार समेतलाई जनाउनेछ।

(ग) **' गाउँपालिका '** भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिकालाई सम्झनु पर्दछ।

(घ) **' छात्रवृति निर्धारण समिति '** भन्नाले नियम ४ वमोजिमको छात्रवृति छनौट समिति सम्झनु पर्दछ।

(ङ) **' विगो निर्धारण समिति '** भन्नाले नियम ६ वमोजिमको विगो निर्धारण समिति सम्झनु पर्दछ।

(च) **' एस.ई.ई '** भन्नाले कक्षा १० उत्तीर्ण परीक्षा सम्झनु पर्दछ।

(छ) **' प्राविधिक शिक्षा '** भन्नाले कुनै प्रविधिसंग सम्वन्धित भएर हासिल गरिने व्यवसायिक ज्ञान तथा इन्जिनियर र डाक्टर जस्ता प्राविधिक जनशक्ति उत्पादन गर्ने शिक्षा सम्झनु पर्दछ।

२०८०।६।१

## परिच्छेदः- २

## छात्रवृति व्यवस्थापन

३. **छात्रवृति रकम स्वीकृत तथा व्यवस्थापन गर्नु पर्ने:** (क) प्रत्येक आर्थिक वर्षको वजेट, नीति तथा कार्यक्रम बनाउदा गाउँपालिकावाट प्रदान गरिने छात्रवृतिका लागि कक्षा ११/१२ अध्ययनार्थ रू.२,००,०००।-(दुई लाख मात्र) र स्नातक तह अध्ययनका लागि रू.५,००,०००।-(पाँच लाख मात्र) रकममा नबढने गरी प्रस्ताव शिक्षा शाखाले तयार पारी प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँकार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

(ख) उपनियम (क) वमोजिम प्राप्त भएको प्रस्तावलाई गाउँकार्यपालिका अनुकूल र आवश्यक रकमको विश्लेषण गरी स्वीकृत गर्नेछ।

(ग) गाउँ कार्यपालिकाले अनुकूल र आवश्यक रकमको विश्लेषण गरी स्वीकृत गरेको छात्रवृतिको रकम गाउँपालिकाका सामुदायिक विद्यालयहरूवाट एस.ई.ई परीक्षामा विज्ञान, गणित,अङ्ग्रेजी र नेपाली विषयहरुमा न्युनतम B विषयगत ग्रेड प्राप्त गरी एकमुष्टमा सर्बोउत्कृष्ट न्यूनतम ३.०० GPA ल्याई प्राविधिक शिक्षा अध्ययन गर्ने छात्रा/छात्र ( इन्जिनियर र डाक्टर विषयका लागि मात्र ) एक जनालाई मात्र उपलब्ध गराइनेछ।

(घ) उक्त छात्रवृति रकम त्यस्ता छात्रा/छात्रको वार्षिक पढाई शुल्कका लागि अध्ययनरत संस्थालाई उपलब्ध गराइनेछ।

(ङ) अध्ययनरत संस्थाले त्यस्ता छात्रा/छात्रको वार्षिक पढाई शुल्कका विवरण गाउँपालिकामा पठाउनु पर्नेछ।

(च) प्राविधिक शिक्षा अध्ययन गर्ने छात्रा/छात्रहरुलाई स्नातक तहसम्म अध्ययन गर्न उक्त छात्रवृति उपलब्ध गराईनेछ।

(छ) छात्रवृति प्राप्तिका लागि छात्रा/छात्रले गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयमा अनिवार्य रुपमा कक्षा ६ मा भर्ना भई कक्षा १० सम्म जम्मा ५ वर्ष अध्ययन गरेको हुनुपर्नेछ र एस.ई.ई. परीक्षामा गाउँपालिकाका सामुदायिक विद्यालयहरु मध्येवाट विज्ञान, गणित,अङ्ग्रेजी र नेपाली विषयहरुमा न्युनतम B विषयगत ग्रेड प्राप्त गरी एकमुष्टमा सर्वोउत्कृष्ट न्यूनतम ३.०० GPA प्राप्त गरेको हुनुपर्नेछ।

(ज) छात्रवृति निरन्तरताका लागि हरेक तह र कक्षाको वार्षिक परीक्षामा विज्ञान, गणित,अङ्ग्रेजी र नेपाली विषयहरुमा न्युनतम B विषयगत ग्रेड प्राप्त गरी एकमुष्टमा न्यूनतम ३.०० GPA प्राप्त र नियमित रुपमा उत्तीर्ण भएको प्रमाणित हुनुपर्नेछ अन्यथा छात्रवृति रकम कटौति गरिनेछ।

(झ) समयसापेक्ष रुपमा छात्रवृति रकमको हेरफेर वा थपघट गर्ने सम्पूर्ण अधिकार गाउँकार्यपालिकामा निहित रहनेछ।

## परिच्छेदः-३

## कबुलियतनामा/सम्झौता

(क) गाउँपालिका शिक्षा शाखा र अध्ययनरत संस्था विच छात्रा/छात्रको पढाई स्थिति र पढाई खर्चका वारेमा छलफल गर्नु पर्नेछ।

(ख) स्नातक तहसम्म प्राविधिक शिक्षा अध्ययन गर्ने छात्रा/छात्र ( इन्जिनियर र डाक्टर विषयका लागि मात्र ) लाई अध्ययन पूरा गरिसके पश्चात यसै गाउँपालिकामा सेवा गर्ने कवुलियतनामा/सम्झौता गराएर मात्र सेवा गर्न राजीभएको खण्डमा उक्त छात्रवृति उपलब्ध गराईनेछ। त्यस्ता छात्रा/छात्रले गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत समक्ष सेवाको कबुलियतनामा/सम्झौता गर्नु पर्नेछ।

**छात्रवृति छनौट समिति :** (क) छात्रवृति छनौट गर्ने कार्यका लागि गाउँपालिका अध्यक्षको अध्यक्षतामा देहायका सदस्यहरु रहेको एक छात्रवृति नौट समिति रहनेछ।

(क) गाउँपालिका अध्यक्ष-अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत-सदस्य

(ग) गाउँपालिका भित्रका माध्यमिक विद्यालयको वरिष्टतम प्रधानाध्यपक- सदस्य

(घ) गाउँकार्यपालिकाले मनोनित गरेको कार्यपालिका सदस्य १ जना- सदस्य

(ङ) शिक्षा शाखा प्रमुख-सदस्य सचिव

) छात्रवृति छनौट समितिले आवश्यक देखेमा सम्वन्धित क्षेत्रको कुनै विशेषज्ञलाई सो समितिको वैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

) छात्रवृति छनौट समितिको वैठक सम्वन्धि कार्यविधि सो समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ।

(घ) छात्रवृति छनौट कार्य गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुवाट एस.ई.ई. परीक्षाको नतिजा झिकाई छात्रवृति छनौट समितिवाट जाँचबुझ र नतिजा विश्लेषण गरी सर्वोत्कृष्ट GPA प्राप्त गर्ने छात्रा/छात्र मध्ये १ जनालाई छनौट गरिनेछ।
(ङ) छात्रवृति छनौट गर्दा एक शैक्षिक वर्षमा एस.ई.ई. मा विज्ञान, गणित,अङ्ग्रेजी र नेपाली विषयहरुमा न्युनतम B विषयगत ग्रेड प्राप्त गरी एकमुष्टमा उत्कृष्ट ३.०० GPA प्राप्त गर्ने १ जनालाई मात्र छनौट गरिनेछ।

## परिच्छेदः-४
## विगो निर्धारण

**५.गाउँपालिकाले विगो निर्धारण गर्नेः** (क) प्राविधिक विषयमा स्नातक तह उत्तीर्णपछि कवुलियतनामा वमोजिमको सेवा सर्त भङ्ग भएमा छात्रवृति वमोजिम प्राप्त गरेको सुरू देखिको सवै एकमुष्ट रकमको हिसाव विगो निर्धारण समितिले छानविन गरी गाउँपालिकामा पेश गर्नु पर्नेछ।

(ख) गाउँपालिकाले यस कार्यविधि वमोजिम विगो असुल गर्दा छात्रवृतिको विषय,अवधि ,रकम तथा छात्रवृति प्राप्त गरी अध्ययन गर्ने स्थान र संस्थाको आधारमा विगो निर्धारण गर्नेछ।

(ग) उपदफा 'ख' वमोजिम विगो निर्धारण गर्दा स्नातक तहसम्म प्राविधिक विषयमा ( इन्जिनियर वा डाक्टर ) अध्ययन गर्दा गाउँपालिकाबाट सम्वन्धित शिक्षण संस्थामा लागेको पढाई शुल्क तथा कुनै अनुदान तोकिएको भए सो अनुदान बराबरको सुरू देखि अन्त्य सम्मको एकमुष्ट रकम विगो निर्धारण गर्नु पर्नेछ।

**६. विगो निर्धारण समितिः** छात्रवृति सम्वन्धि विगो निर्धारण गरी गाउँकार्यपालिका समक्ष सिफारिस गर्नको लागि देहायका सदस्यहरु रहेको एक छात्रवृति विगो निर्धारण समिति रहनेछ।

(क) न्यायिक समिति संयोजक-अध्यक्ष
(ख) न्यायिक समितिले तोकेको पदाधिकारी-सदस्य
(ग) शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख-सदस्य
(घ) अधिकृत स्तरको कर्मचारी (कानुन शाखा )-सदस्य
(ङ) सामान्य प्रसासन तथा जनशक्ति विकास शाखा प्रमुख-सदस्य सचिव

**७. सरकारी वाँकी सरह असुल गरिनेः**गाउँपालिकाले निर्धारण गरेको विगो सम्वन्धित व्यक्तिले तिन महिना भित्र गाउँपालिकामा बुझाउनु पर्नेछ र सो म्याद भित्र कुनै व्यक्तिले विगो नबुझाएमा त्यस्तो विगो नेपाल सरकारको वाँकी सरह असुल उपर गरिनेछ।

**८. व्याख्या गर्ने अधिकार** : यस कार्यविधिको कार्यान्यनमा कुनै जतिलता वा अस्पष्टता भएमा कार्यविधिको व्याख्या गर्ने अन्तिम तथा पुर्ण अधिकार दिप्रुङ चुइचुम्मा गाउँपालिकालाई हुनेछ।

CamScanner

अनुसुची-१

नियम ३ को उपनियम (झ) संग सम्बन्धित

## छात्रवृतिका लागि निवेदन

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत,
दिप्रुङ चुइचुम्मा गाउँपालिका,
याङ्सोलाटार, खोटाङ ।

विषयः- गरिव तथा जेहेन्दार छात्रवृति सम्बन्धमा ।

प्रस्तुत सम्बन्धमा जिल्ला खोटाङ, दिप्रुङ चुइचुम्मा गाउँपालिका वडा नं............बस्ने श्री ..............................को नाति/नातिनी श्री ...........................को छोरा/छोरी जन्म मिति ........................ भएको म.........................ले श्री.........................................बाट शैक्षिक सत्र..................को ................परीक्षामा...............GPA प्राप्त गरी उत्तिर्ण गरेकाले दिप्रुङ चुइचुम्मा गाउँपालिका गरिव तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृति सम्बन्धि कार्यविधि,२०८० वमोजिम छात्रवृति पाउँनका लागि रितपुर्वक यो निवेवन पेश गरेको व्यहोरा अनुरोध छ ।

**निवेदक**

नामः

ठेगानाः

दस्तखतः

मितिः

**अभिभावकको**

नामः

ठेगानाः

दस्तखतः

मितिः

२०८०।६।१७

## अनुसुची-२
## नियम १ को उपनियम (क) संग सम्बन्धित

### विपन्नताको सिफारिस पत्र

श्री........................................गाउँपालिका
याङ्सोलाटार, खाटाङ ।

विषयः- विपन्नताको सिफारिस गरिएको ।

उपरोक्त सम्बन्धमा श्री.........................................................................को नाति/नातिनी श्री..................................को छोरा/छोरी........................................................जिल्ला ..................................गाउँपालिका...................वडा................................... बस्ने श्री/सुश्री/श्रीमती..........................मिति..........................देखि....................सम्म...... ................................सामुदायिक विद्यालयमा अध्ययन गरी एस.ई.ई उत्तिर्ण गरेका विद्यार्थी हुन। निज....................................कारणले विपन्न, गरिब तथा जेहेन्दार छात्र/ छात्रा भएको देखिदा निजलाई विपन्न व्यक्तिको लागि आरक्षित गरिएको छात्रवृतिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ। माथि लेखिएको व्यहोरा ठीक साचो छ, झुट्टा ठहरे कानुन बमोजिम सहुला बुझाउला ।

**सिफारिस गर्नेको**
वडा कार्यालयको छाप/सहीः
नामः
पदः
वडा कार्यालयको नामः
मितिः

**सिफारिस गर्नेको**
विद्यालयको छाप/सही
नामः
पदः
विद्यालयको नामः
मितिः

# अनुसुची-३

## नियम ३ को उपनियम (छ) संग सम्बन्धित

### कबुलियतनामा/सम्झौता

श्री...............................को नाति/नातिनी श्री.................................................को छोरा/छोरी जिल्ला .........................................गाउँपालिका/न.पा.........................वडा नं............मा स्थायी बसोवास भएको मिति..........................मा जन्मेको म..............................गाउँपालिकाबाट .................................विषयमा अध्ययन तालिमका लागि.................................संस्था/तालिम पुरा हुन साथ छात्रवृति सम्बन्धि कार्यविधि-२०८० बमोजिम गर्नु पर्ने सम्पुर्ण काम गर्नेछु । सो बमोजिम नगरे मैले छात्रवृति वापत पाएको आर्थिक सुविधा लगायत मैले प्राप्त गरेको अन्य खर्च वापतको रकम समेत बुझाउनेछु । सो रकम मैले नबुझाएमा मेरो घर घराना,जायजेथाबाट सरकारी बाँकी सरह असुल उपर गरेमा मेरो मन्जुरी भएकोले सो बमोजिम कबुलियतनामा/सम्झौता गरी शिक्षा शाखा मार्फत गाउँपालिकामा बुझाएँ ।

**ल्याप्चे सही छापः**

**कार्यालयको छापः**

**छात्रवृति पाउनेको**

नाम,थरः

सहीः

ठेगानाः

टेलिफोन नं.

मितिः

**सम्झौतामा हस्ताक्षर गर्ने**

नाम,थरः

पदः

सहीः

मितिः

**नोटः**

१. अध्ययन समाप्त भए पश्चात तोकिएको समयभित्र गाउँपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

२. अध्ययन समाप्त भए पश्चात तोकिएको अवधिसम्म अनिवार्य काम गर्नु गर्नुपर्नेछ ।

CamScanner